# भाग ३

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

## सूचना

### मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७

मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ को दफा ६ मा संशोधन:** मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन) आदेश, २०६८ को दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. कार्यकारी निर्देशक: (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) नेपाल सरकारले सार्वजनिक निकायको सेवामा रहेका मानव अङ्ग प्रत्यारोपण सम्बन्धी क्षेत्रमा



मुद्रण विभाग, सिंहदरबार

कार्यरत चिकित्सकहरुमध्येबाट कार्यकारी निर्देशक नियुक्त गर्न वा तोक्न सक्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छः-

(क) संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

(ख) नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम सार्वजनिकस्तरमा स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,

(ग) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,



मुद्रण विभाग, सिंहदरबार

(घ) स्थानीय तह,

(ङ) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(च) नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था, वा

(छ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।

(३) उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम नियुक्त भएका वा तोकिएका कार्यकारी निर्देशकको पदावधि निज कार्यकारी निर्देशक नियुक्त हुनु वा तोकिनुभन्दा अघि कार्यरत रहेको सार्वजनिक निकायको सेवामा अवकाश हुने उमेरसम्म मात्र कायम हुनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।



मुद्रण विभाग

(७) उपदफा (२) बमोजिम तोकिएका कार्यकारी निर्देशकलाई नेपाल सरकारले चाहेमा जुनसुकै बखत निज कार्यकारी निर्देशक तोकिनुभन्दा अघि कार्यरत रहेको सार्वजनिक निकायको सेवामा फिर्ता गर्न सक्नेछ ।

(८) कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ।"

**आज्ञाले,**
**यादब प्रसाद कोईराला**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार